मध्यनेपाल नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
गण्डकी प्रदेश
भोर्लेटार, लमजुङ

पत्र सख्या: ०८२।०८३
चलानी नं: ०१

मितिः २०८२-०४-०१
नेपाल सम्वतः११४५

मध्यनेपाल नगरपालिका नगर कार्यपालिकाको कार्यालय भोर्लेटार, लमजुङ गण्डकी प्रदेश २०७३

विषय: सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण तथा लाभग्राही सूचीकरण सम्बन्धमा।

श्री वडा कार्यालय सबै,

प्रस्तुत विषयमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको चं नं ३३९ मिति २०८२।०३।३० को पत्रानुसार सामाजिक सुरक्षा नियमावली (दोस्रो संशोधन), २०७६ को नियम (९) र सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को नियम (४) अनुसार सामाजिक सुरक्षा भत्ताका लाभग्राहीहरुले प्रत्येक आर्थिक वर्षको भाद्र मसान्तभित्र सम्बन्धित वडा कार्यालयमा आफैं उपस्थित भई सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गराउनु हुन अनुरोध छ। सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण तथा लाभग्राही सूचीकरण गर्दा ऐन नियमावली र कार्यविधि साथै विभागबाट प्राप्त पत्र बमोजिम गर्नु गराउनु हुन अनुरोध छ। विभागबाट प्राप्त पत्र यसैपत्रसाथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ।

२०८२-०४-०१
प्रताप शर्मा
प्रशासकीय अधिकृत

मध्यनेपाल नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
गण्डकी प्रदेश
भोर्लेटार, लमजुङ

पत्र संख्या: ०८२।०८३
चलानी नं: ०१

## विषय: सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण तथा लाभग्राही सूचीकरण सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा सामाजिक सुरक्षा नियमावली (दोस्रो संशोधन), २०७६ को नियम (९) र सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को नियम (४) बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीले सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गराउनु पर्ने कानुनी व्यवस्था भएकाले मध्यनेपाल नगरपालिकाबाट आ.व. २०८२।८३ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नका लागि २०८२ श्रावण १ गतेदेखि भाद्र मसान्तभित्र सम्बन्धित वडा कार्यालयमा आफैं उपस्थित भई सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ । सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण नगर्ने लाभग्राहीले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न नसक्ने व्यहोरा जानकारीका लागि अनुरोध छ ।

२०८२-०४-०१
प्रताप शर्मा
प्रशासकीय अधिकृत

Email id: madhyanepalmun@gmail.com website: http://madhyanepalmun.gov.np